# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।१२।२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

राप्ती प्लेसमेन्ट सर्भिस प्रा.लि. बसुन्धाराका संचालक रविन्द्र अधिकारी विरुद्ध वैदेशिक रोजगार विभाग, बुद्धनगर काठमाडौंमा विचाराधिन रहेको वैदेशिक रोजगार सम्वन्धी मुद्दालाई सहजीकरण गरिदिने भनि ऐ. कार्यालयमा कार्यरत नायव सुव्वा रामकुमार फुयाँलले निवेदक रविन्द्र अधिकारीवाट रु.६०,०००/- (अक्षरुपी साठी हजार) घुस/रिसवतवापत लिएको अवस्थामा आयोगवाट खटिएको टोलिले घुस/रिसवत वापतको रकमसहित निज ना.सु. रामकुमार फुयाँललाई पक्राउ गरी अनुसन्धान हुँदा वैदेशिक रोजगार विभागमा कार्यरत शाखा अधिकृत जगत वहादुर बोहराको समेत संलग्नता देखिएकोले निज शा.अ. जगत वहादुर बोहरालाई पक्राउ गरी अनुसन्धान हुँदा निजहरु दुबै जनाको सरसल्लाह र मिलेमतोमै सो घुस/रिसवत लिएको सप्रमाण पुष्टि हुन आएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) को कसुर अपराध भएकोले निज शाखा अधिकृत जगत वहादुर बोहरा र नायव सुव्वा रामकुमार फुयाँलको हकमा बिगो रु.६०,०००/-(अक्षरुपी साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजायको मागदाबी लिई मिति २०७५।१२।२६ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता